# प्रदेश लोक सेवा आयोग

## बागमती प्रदेश
## हेटौँडा, मकवानपुर
## (प्रशासन तथा अनुगमन शाखा)

☎ ०५७-५९०६१५ वेबसाइटः ppsc.bagamati.gov.np ई-मेलः info.ppsc@bagamati.gov.np

## वि.नं. ७०-७७/०८१-८२, प्रशासन सेवाको सा.प्र. र लेखा/आ.ले.प. समूह छनौट सम्बन्धमा

सूचना नं. ३३०/०८१-८२, मिति : २०८२/०१/०३

आयोगको सूचना नं. ३२६/०८१-८२, मिति २०८२/०१/०१ गते प्रकाशन भएको सूचना बमोजिम पाँचौ तहका विभिन्न सेवा, समूह, उपसमूह र पदहरूको विज्ञापन भई आयोगको अनलाइन दरखास्त प्रणाली (https://ppsconline.bagamati.gov.np/home) मार्फत आवेदन दिन सकिने व्यवस्था मिलाइएकोमा **विज्ञापन नं. ७०-७७/०८१-८२** प्रशासन सेवा, सामान्य प्रशासन/लेखा/आ.ले.प. समूह, सहायक पाँचौं वा सो सरहको पदमा **मिति २०८२/०१/०२ गतेका दिन** आवेदन दिंदा उक्त प्रणालीमा प्राविधिक कारणले सामान्य प्रशासन र लेखा/आ.ले.प. समूह छनौट गर्ने option नदेखिएको भनी गुनासो प्राप्त हुन आएकोले **उक्त दिन** आवेदन पेस गर्ने मध्येका **समूह छनौट गर्न इच्छुक उम्मेदवारले** तपसिलमा उल्लेख भएबमोजिम गरी आयोगको इमेल info.ppsc@bagamati.gov.np मार्फत निवेदन पेस गर्नुहुन निर्णयानुसार अनुरोध छ ।

### तपसिल

१. उक्त दिन आवेदन पेस गर्ने मध्ये **लेखा/आ.ले.प. समूहमा मात्र** आवेदन दिन इच्छुक उम्मेदवारले आफ्नो Master ID सहित व्यक्तिगत विवरण खुलाई लेखा/आ.ले.प. समूह कायम गर्ने व्यहोराको निवेदन,

२. उक्त दिन आवेदन पेस गर्ने मध्ये **सामान्य प्रशासन र लेखा/आ.ले.प. दुवै समूहमा** आवेदन दिन इच्छुक उम्मेदवारले निम्नानुसारको थप दस्तुर बुझाई दस्तुर बुझाएको बैङ्क भौचर, आफ्नो Master ID सहित व्यक्तिगत विवरण खुलाई लेखा/आ.ले.प. समूह थप गर्ने व्यहोराको निवेदन,

**थप दरखास्त दस्तुरः रु.३०० (रुपैंया तीन सय मात्र)**

**दरखास्त दस्तुर बुझाउने :**

**राष्ट्रिय वाणिज्य बैङ्क लिमिटेड, खाता नं. १०००२०००१००००**

**नेपाल बैङ्क लिमिटेड, खाता नं. २७२०२००००००१००१०००००१**

**कार्यालय कोडः २१०००३२०१३ (प्रदेश लोक सेवा आयोग, बागमती प्रदेश)**

**राजस्व शीर्षक नं. १४२२४ (परीक्षा शुल्क)**

*(नोटः अनलाइन राजस्व बुझाउनको लागि* ***https://revenue.fcgo.gov.np*** *प्रयोग गर्न सकिनेछ।)*

३. उक्त दिन आवेदन पेस गर्ने मध्ये यस सूचना अनुसार निवेदन नदिने उम्मेदवारहरूको हकमा **सामान्य प्रशासन समूह** मात्र कायम हुनेछ ।

(संजीव न्यौपाने)
अधिकृत नवौं